पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रशासन योजना तथा अनुगमन शाखा
बाबियाचौर,सुर्खेत

प.सं.०७७/७८

मिति:-२०७७/०९/०५

**पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यलय सुर्खेतको पुराना भवन अभिलेखिकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

यस पञ्चपुरी नगरपालिका क्षेत्र भित्र नक्शापास नगरी निर्माण गरेका भवन/संरचनाहरु लगत(अभिलेख) संकलन गर्न नगर कार्यपालिकाको मिति २०७७/०७/२६ गतेको बैठकबाट स्वीकृत पुराना भवनहरुमा अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका २०७७ अनुसार तपसिल बमोजिमका कागज प्रमाण लिई यहि २०७७/०९/०५ देखि २०७७/१०/१० गतेसम्म सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघि आएका निवेदन उपर कुनै सुनुवाई नहुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ। साथै निवेदनको फाराम र नक्शापास किताब राजस्व शाखाबाट रु १०००/- तिरी प्राप्त गर्न सकिनेछ।

**तपशिल:**

| | |
|---|---|
| १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | १ थान |
| २. जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपी | १ थान |
| ३. चालु आ.व. को एकिकृत सम्पत्तीकर तिरेको रसिदको प्रतिलिपि | १ थान |
| ४. न.पा.मा सूचिकृत परामर्शदाताबाट बनाएको घरको नक्सा | २ प्रति |
| ५. सम्बन्धित वडामा बुझाउनुपर्ने अन्य करहरु बुझाएको प्रमाण | १/१ थान |
| ६. जग्गाको नक्शा | १ थान |
| ७. पलाष्टिक कोटेड फाईल | १ थान |

मोहन बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत